# गोर्खाज फाइनान्स लिमिटेड

## चारखाल रोड, डिल्लीबजार

## काठमाण्डौं, नेपाल ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि
Dillibazar

तेइसौं वार्षिक साधारण सभाको

निर्णय (माइन्यूट)

# गोर्खाज फाइनान्स लिमिटेडको

## तेइसौं वार्षिक साधारण सभाको

## निर्णय (माइन्यूट)

१. **बैधानिक सभा:**

यस गोर्खाज फाईनान्स लिमिटेडको संचालक समितिको मिति २०७४ पौष ३ गते सोमबार वसेको ३५४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा यस संस्थाको नियमावली बमोजिम बोलाईएको तेईसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री महेन्द्र लाल राई ज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी निर्णय गरियो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति: २०७४ पौष २५ गते मंगलबार (तदनुसार जनवरी ९, २०१८)

स्थान: अनुपम फुडल्याण्ड, बत्तीसपुतली, काठमाण्डौ ।

समय: विहान ११ बजे प्रारम्भ भई २:३० बजे सम्पन्न भयो ।

३. **सभाको सूचना:**

कम्पनी ऐन, २०६३ को दफा ६७ उपदफा (२) को प्रावधान अनुसार तेइसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुको लगतमा रहेको ठेगानामा सूचना पठाउनुका साथै सोही व्यहोराको सार्वजनिक सूचना मिति २०७४/०९/०५ गते **"नयां पत्रिका राष्ट्रिय दैनिक"** मा प्रथम पटक र मिति २०७४/०९/१६ गते **"कारोबार राष्ट्रिय दैनिक"** पत्रिकामा दोश्रो पटक प्रकाशित गरिएको थियो ।

४. **वार्षिक साधारण सभाको छलफलको विषय सूची:**

क) <u>सामान्य प्रस्ताव</u>

१. आर्थिक वर्ष २०७३/७४ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।



Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Dillibazar

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात तथा २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. आ.व.२०७४/७५ को लागि संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल वहालवाला लेखापरीक्षक श्री महेश खनाल, एम खनाल एण्ड कम्पनी पून: नियुक्त हुन योग्य रहेको ।)

ख) <u>विषेश प्रस्ताव</u>

१. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा बैंक तथा वित्तीय संस्थाका सम्बन्धि ऐन, २०७३ हुने गरी संशोधन/थप गर्ने ।

२. संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

३. आर्थिक वर्षको मूनाफाको १ प्रतिशत रकम संस्थाको सामाजिक उत्तरदायित्व बहन गर्न खर्च गर्ने लगायत यस सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट जारी भएको परिपत्र बमोजिम व्यवस्था गर्ने ।

४. विविध ।

५. गणपूरक संख्या:

यस साधारण सभामा निम्न बमोजिम शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

| कूल शेयर संख्या | जम्मा शेयरधनी संख्या | जम्मा शेयरधनी उपस्थिति संख्या | जम्मा प्रतिनिधित्व शेयर संख्या | प्रतिशत |
|---|---|---|---|---|
| ८६,७९,९३८ | ११,६१८ | ६१५ | ४९,८३,१५२ | ५७.४१ |

Gurkhas Finance Ltd

६. सभाको वैधानिकता:

तेईसौं वार्षिक साधारण सभाको वैधानिकताको सम्बन्धमा कम्पनी सचिवले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीका प्रावधानहरु बमोजिम तेईसौं वार्षिक साधारण सभा बोलाएको व्यहोरा सभामा जानकारी गराइयो । सभामा उपस्थित भएका सम्पूर्ण शेयरधनीहरु सभामा भाग लिन योग्य थिए । अत: कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार माथि उल्लेख भए बमोजिम आवश्यक गणपुरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवबाट सभा समक्ष जानकारी गराइयो । यसरी सभा संचालनको लागि कम्पनी ऐन तथा संस्थाको नियमावली अनुसार आवश्यक गणपुरक संख्या समेत पुगेको व्यहोरा कम्पनी सचिवले अवगत गराउनु भए पश्चात सभापतिबाट सभाको कारवाही शुरु गरियो ।

७. उपस्थिती:

संचालक समितिका सदस्यहरुको उपस्थिति:

| | | | |
|---|---|---|---|
| १. | श्री महेन्द्र लाल राई | अध्यक्ष | उपस्थित |
| २. | श्री प्रेम बहादुर खापुङ | संचालक | उपस्थित |
| ३. | श्री यादव चन्द्र राई | संचालक | उपस्थित |
| ४. | श्री वीरेन्द्र विक्रम लिम्बु | संचालक | उपस्थित |
| ५. | श्री राज गोविन्द राजकर्णिकार | संचालक | उपस्थित |
| ६. | श्री राजेन्द्र कुमार राई | संचालक | उपस्थित |
| ७. | श्री चोक बहादुर मगर | संचालक | उपस्थित |

प्रतिनिधिहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | शेयर रजिष्ट्रार, NIBL क्यापिटल मार्केट्स लि. | : श्री बद्री प्रसाद प्याकुरेल |
| २. | लेखापरीक्षक प्रतिनिधि | : दिवश सुवेदी |
| ३. | कम्पनी रजिष्ट्रारको कार्यालय | : अनुपस्थित |
| ४. | नेपाल धितोपत्र बोर्ड | : अनुपस्थित |

पदाधिकारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | श्री राजकुमार राई | : प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री प्रेम सागर नापित | : सहायक महाप्रबन्धक |
| ३. | श्री मुकुन्द श्रेष्ठ | : वरिष्ठ प्रबन्धक/कम्पनी सचिव |
| ४. | श्री सुजन जोशी | : सहायक प्रबन्धक |
| ५. | श्री शंकर कटुवाल | : सहायक प्रबन्धक |

शेयरधनी तथा कर्मचारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | शेयरधनीहरु स्वयं उपस्थिति | ५११ |
| २. | प्रोक्सी प्रतिनिधिहरु उपस्थिति | १०४ |
| ३ | कर्मचारीहरुको उपस्थिति | २४ |

## ८. सभाको सभापतित्व र सभा संचालन:

क) यस वित्तीय संस्थाको तेईसौं वार्षिक साधारण सभाको संचालन संचालक समितिका अध्यक्ष श्री महेन्द्र लाल राईज्यूको सभापतित्वमा संचालकहरु, शेयरधनिहरु तथा आमन्त्रित प्रतिनिधिहरुको उपस्थितिमा शुरु गरियो ।

ख) तेईसौं वार्षिक साधारणसभाका सभापतिले उपस्थित सबै शेयरधनि महानुभावहरुको स्वागत गर्दै आफ्नो मन्तव्य राख्नुभयो र आ.व.२०७३/७४ को वार्षिक प्रतिवेदन छलफल सहित पारित गरिदिन सभा समक्ष पेश गर्नुभयो ।

## ९. छलफलका लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु:

क) सभा समक्ष सभापतिले संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भए पश्चात लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात तथा २०७३ श्रावण १ देखि २०७४ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण उपर छलफल गर्न उपस्थित शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

ख) उपरोक्त प्रतिवेदन तथा वासलात उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो विचार, मन्तव्य, सुझाव तथा जिज्ञासाहरु व्यक्त गर्नुभयो ।

१. श्री इन्द्र कृष्ण श्रेष्ठ २. श्री डमरु बल्लभ घिमिरे

३. श्री रोज कुमार श्रेष्ठ ४. श्री महेन्द्र बहादुर श्रेष्ठ



Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Dillibazar

५. श्री प्रा.डा.नवोल किशोर राई

६. श्री खड्ग बहादुर गुरुङ्ग

७. श्री अमृत नाथ रेग्मी

८. श्री उद्धव प्रसाद घिमिरे

९. श्री नरसिंह लाल चखुं

१०. श्री लवराज जोशी

११. श्री अइन्द्र कुमार लिम्बु

१२. श्री शिव प्रसाद पौडेल

१३. श्री पुरञ्जन राई

१४. श्री रामगोपाल महर्जन

१५. श्री चन्द्र नारायण श्रेष्ठ

१६. श्री उद्धव अर्याल

१७. श्री सुनिता गुरुङ्ग

१८. श्री नारायण सुन्दर श्रेष्ठ

१०. **छलफलमा सहभागी शेयरधनिहरुबाट वित्तीय संस्थाको प्रगति तथा सफलताको कामनाका साथ व्यक्त गरिएका मन्तव्य तथा सुझावहरुको संक्षिप्त विवरणहरु:**

- देशको सातवटै प्रदेशमा शाखाहरु विस्तार गरी व्यवसाय वृद्धि गर्न सफल भएकोमा अधिकांश शेयरधनि महानुभावहरुले धन्यवाद दिई स्वागत गर्नुभयो ।
- समयमा नै साधारण सभा गर्न सकेकोमा धन्यवाद दिदै आगामी आर्थिक वर्षहरुमा पनि समयमा नै साधारण सभा गर्न सुझाव दिनुभयो ।
- नेपाल राष्ट्र बैंकले राष्ट्रिय स्तरको वित्त कम्पनीलाई तोकिदिएको पूंजी समय भित्रै पुचाउन सफल भएकोमा धन्यवाद दिनुभयो ।
- संचालकहरुको भत्ता र सुविधा वृद्धिको साथ साथै लगानीकर्ताहरुलाई पनि लाभाशं दिन सकेको भए राम्रो हुने सुझाव दिनुभयो ।
- कर्जा असुलिमा विषेश ध्यान दिएर निस्कृय कर्जाको अनुपात घटाउनुपर्ने, सञ्चिति नोक्सानी घटाई नाफा बढाएर आगामि वर्ष शेयरधनीहरुलाई लाभाशं दिने सक्ने गरी कार्य गर्नुपर्ने सुझाव दिनुभयो ।
- कर्मचारीहरुले ग्राहकहरुलाई गर्ने सेवा (Service) तथा व्यवहार (Attitude) ले संस्थाको छवी तथा व्यवसायमा प्रत्यक्ष असर पर्ने भएकोले उक्त कुराहरुको स्तरवृद्धि गर्न कर्मचारीहरुलाई समय सापेक्ष उचित तालिमको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।
- संस्थासंग धेरै बृटिस गोर्खा सैनिकहरु आवद्ध भएकोले उहांहरुको तलब तथा पेन्सन यस संस्थामा सार्न व्यवस्थापनलाई सुझाव दिनुभयो ।
- साविक गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि.को विग्रेको छवीलाई संस्थाले सुधार्न सकेकोमा धन्यवाद दिनुभयो ।
- संस्थाको भावी योजना तथा रणनीति सम्बन्धमा शेयरधनिहरुले जिज्ञासा राख्नुभयो ।



Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Dillibazar

११. सभापति श्री महेन्द्र लाल राई ज्यूले प्रस्तुत गर्नुभएको जवाफहरु:

- शेयरधनी महानुभावहरुबाट संस्थाको प्रगति र उन्नतीको लागि दिइएको अमूल्य सुझावहरुलाई साधारणसभाका सभापतिले धन्यवाद दिदै शेयरधनीहरुको चिन्तन मननलाई मार्ग दर्शन तथा हौसलाको रुपमा लिइएको धारणा व्यक्त गर्नुभयो । साथै, अध्यक्ष ज्यू ले शेयरधनी महानुभावहरुद्वारा उठाइएका विभिन्न जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिनुभयो ।

- यस आ.व.सम्ममा संस्थाले देशको सातवटै प्रदेशमा आफ्नो शाखा सञ्जाल विस्तार गर्न सफल भई वित्तीय सेवा दिन सकेकोले सोही अनुपातमा संस्थाको संचालन खर्च पनि बढ्न गएको जानकारी गराउनुभयो ।

- संस्थासंग धेरै भु.पू. तथा बहालवाला बृटिस गोर्खा सैनिकहरु आवद्ध भई उहांहरुको तलब तथा पेन्सन यस संस्थामा सारी कारोबार गरिरहनु भएको र संस्थामा पेन्सन तथा तलब सार्न बांकी अन्य भु.पू. तथा बहालवाला बृटिस गोर्खा सैनिकहरुलाई संस्थामा प्रवेश गराउन विषेश प्रयत्न गरिने कुराको जानकारी गराउनुभयो ।

- कर्मचारीहरुले ग्राहकहरुलाई दिने सेवा (Service) तथा व्यवहार (Attitude) ले संस्थाको छवी तथा व्यवसायमा प्रत्यक्ष असर पर्ने भएकोले उक्त कुराहरुको स्तरवृद्धि गर्न कर्मचारीहरुलाई समय सापेक्ष उचित तालिमको व्यवस्था गरिने कुराको जानकारी गराउनुभयो ।

- संस्थाले आ.व. २०७४/७५ मा निस्कृय कर्जा र गैर बैकिङ्ग सम्पतिलाई घटाएर व्यवसाय बृद्धि गरी सञ्चित नोक्सानीलाई घटाउने र शेयरधनीहरुलाई लाभाशं बाड्ने योजना रहेको जानकारी गराउनुभयो ।

१२. सभाको निर्णय:

शेयरधनीहरुबाट उठाइएका मुलभुत विषयहरुको बुंदागत रुपमा जवाफ दिए पश्चात सभापतिले तेईसौं वार्षिक साधारणसभाको लागि प्रस्तावित देहाय बमोजिमका निर्णयहरु पारित गरियोस् भनि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाबाट सर्वसम्मत पारीत गरियो ।



Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Dillibazar

क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०७३/७४ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्न सभामा प्रस्ताव पेश हुंदा सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको वासलात, आ.व.२०७३/७४ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्न सभामा प्रस्ताव पेश हुंदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. आ.व.२०७४/७५ को लेखापरीक्षण कार्यको लागि संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक सि.ए. श्री महेश खनाल, एम खनाल एण्ड कम्पनीलाई गत वर्षकै पारिश्रमिक रु.३००,०००/- (रु.तीन लाख मात्र) भ्याट बाहेकमा दिने गरी नियुक्ती गरियोस् भनि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

ख) विषेश प्रस्ताव

१. प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धमा देहाय बमोजिम संशोधन प्रस्ताव पारित गरियो ।

## संस्थाको तेइसौं वार्षिक साधारण सभाबाट संशोधित प्रबन्धपत्र :

**दफा (४) वित्तीय संस्थाको उद्धेश्य प्राप्त गर्न गरिने कामहरु:**

यस वित्तीय संस्थाले दफा ३ बमोजिमको उद्धेश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (३) बमोजिम "ग" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा रही सो ऐन, कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ ।

(झ) यो उपदफा हटाइएको छ ।

**दफा (८) शेयर रकम भुक्तानीका शर्तहरु:**

क) वित्तीय संस्थाको शेयर वापतको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १० को अधीनमा रही माग गर्नु पर्नेछ ।

## संस्थाको तेइसौं वार्षिक साधारण सभाबाट संशोधित नियमावली :

नियम(८): संचालकको संख्या र कार्यकाल:

(१) वित्तीय संस्थाको संचालकहरुको नियुक्ति/निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रहि वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र संचालकको नियुक्ति संचालक समितिले गर्नेछ ।

(२) यस वित्तीय संस्थामा ७ (सात) जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।

(क) संस्थापक समूहका शेयरधनीहरु मध्येबाट निर्वाचित ३ (तीन) जना ।

(ख) सर्वसाधारण समूहका शेयरधनीहरु मध्येबाट निर्वाचित ३ (तीन) जना ।

(ग) स्वतन्त्र संचालक १ (एक) जना ।

(३) वित्तीय संस्थाका अध्यक्ष तथा संचालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ । संचालकहरुको नियुक्ति/मनोनयन/पदावधि सम्बन्धी व्यवस्था समय समयमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे बमोजिम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

तर, स्वतन्त्र संचालक एक कार्यकालको लागि मात्र नियुक्त हुन सक्नेछ ।

**नियम (३१) : संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:**

ख) समितिको बैठकमा उपस्थित भए वापत समितिका अध्यक्षलाई रु.७,०००।०० (सात हजार मात्र) तथा संचालकलाई रु.६,०००।०० (छ हजार मात्र) बैठक भत्ता उपलब्ध गराइनेछ ।

ग) संस्थाको कामको सिलसिलामा स्वदेश तथा विदेश भ्रमण गर्दाको होटेल सुविधा वापतको खर्च, दैनिक खाना खर्च र अन्य खर्च देहाय बमोजिम हुनेछ ।

| क्षेत्र | होटेल | दैनिक खाना खर्च | अन्य खर्च | जम्मा |
|---|---|---|---|---|
| क्षेत्र.न. १ अमेरिकी डलर | २५० | १५० | ५० | ४५० |
| क्षेत्र.नं.२ अमेरिकी डलर | १५० | १०० | ५० | ३०० |
| क्षेत्र.नं.३ अमेरिकी डलर | १०० | ९० | ५० | २४० |
| क्षेत्र.नं.४ भारतियरुपियां | १०,००० | २,००० | १००० | १३,००० |
| क्षेत्र.न. ५ नेपाली रुपियां | ४,००० | २,००० | १,००० | ७,००० |



Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Dillibazar

| क्षेत्रको परिभाषा | |
|---|---|
| क्षेत्र | देशहरु |
| क्षेत्र नं. १ | अमेरिका, यूरोप, जापान, अष्ट्रेलिया तथा न्यूजिल्याण्ड । |
| क्षेत्र नं २ | सार्क देशहरु तथा क्षेत्र नं १ मा उल्लेख भएका देशहरु बाहेकका सबै देशहरु । |
| क्षेत्र नं. ३ | सार्क देशहरु भारत र नेपाल बाहेक |
| क्षेत्र नं ४ | भारत । |
| क्षेत्र नं ५ | नेपाल । |

अन्य अवस्थाहरु:

१) यातायात सुविधा (हवाई/अन्य) सम्बन्धमा संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२) राहदानी शुल्क, भिसा शुल्क, एयरपोर्ट ट्याक्स खर्च भए बमोजिम दिइनेछ ।

३) एयरपोर्ट आउंदा जांदाको ट्याक्सी खर्च भए बमोजिम दिइनेछ ।

४) संस्थाको कामसंग सम्बन्धित टेलिफोन,फ्याक्स, ईमेल,खर्च भए बमोजिम दिइनेछ ।

## गोर्खाज फाइनान्स लिमिटेड

विषेश प्रस्ताव नं. (ख) को (१) संग सम्बन्धित

संशोधित प्रबन्धपत्र

| हालको व्यवस्था | संशोधन गर्नु पर्ने | संशोधन गर्नुको कारण |
|---|---|---|
| दफा (४)<br>वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:<br>यस वित्तीय संस्थाले दफा ३ बमोजिमको उदेश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (३) बमोजिम "ग" वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा रही सो अध्यादेश, कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ । | दफा (४)<br>वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:<br>यस वित्तीय संस्थाले दफा ३ बमोजिमको उदेश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (३) बमोजिम "ग"वर्गको इजाजतपत्र प्राप्त संस्थाको रुपमा रही सो ऐन, कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएकोले सो बमोजिम संशोधन गरिएको । |
| (झ) मर्चेन्ट बैकिङ्ग कारोबार गर्ने । | (झ) यो उपदफा हटाइएको छ । | धितोपत्र विनियमावली अनुसार मर्चेन्ट बैकिङ्ग कारोबार गर्न छुट्टै सहायक कम्पनी आवश्यक पर्ने भएकोले हाललाई उक्त उपदफा हटाइएको हो । |



Gurkhas Finance Ltd
गोर्खाज फाइनान्स लि.

| | | |
|---|---|---|
| दफा (८) शेयर रकम भुक्तानीका शर्तहरु:<br>क) वित्तीय संस्थाको शेयर वापतको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ७ को अधीनमा रही माग गर्नु पर्नेछ । | दफा (८) शेयर रकम भुक्तानीका शर्तहरु:<br>क) वित्तीय संस्थाको शेयर वापतको रकम बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १० को अधीनमा रही माग गर्नु पर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ जारी भएकोले सो बमोजिम संशोधन गरिएको । |

## गोर्खाज फाइनान्स लिमिटेड

विषेश प्रस्ताव नं. (ख) को (१) संग सम्बन्धित

### संशोधित नियमावली

| हालको व्यवस्था | संशोधन गर्नु पर्ने | संशोधन गर्नुको कारण |
|---|---|---|
| नियम(८): संचालकको संख्या र कार्यकाल: | नियम(८): संचालकको संख्या र कार्यकाल: | |
| (१) वित्तीय संस्थाको संचालकहरुको नियुक्ति/निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रहि वार्षिक साधारणसभाबाट हुनेछ । तर व्यवसायिक विशेषज्ञ संचालकको नियुक्ति समितिले गर्नेछ । | (१) वित्तीय संस्थाको संचालकहरुको नियुक्ति/निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनको अधीनमा रहि वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र संचालकको नियुक्ति संचालक समितिले गर्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ मा भएको व्यवस्था बमोजिम संशोधन गरिएको । |
| (२) यस वित्तीय संस्थामा ८ जनाको संचालक समिति हूनेछ । जसमध्ये संस्थापक समूहबाट ४ जना र सर्वसाधारण समूहबाट ३ जना संचालकहरु वार्षिक साधारण सभाबाट निर्वाचन गरी नियुक्त हुनेछन र बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा उल्लेख भए बमोजिम १ जना संचालक (व्यवसायिक विषेशज्ञ) संचालक समितिबाट नियुक्त गरिनेछ । | (२) यस वित्तीय संस्थामा ७ (सात) जनाको संचालक समिति हुनेछ । सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ ।<br>क) संस्थापक समूहका शेयरधनीहरु मध्येबाट निर्वाचित ३ (तिन) जना ।<br>ख) सर्वसाधारण समूहका शेयरधनीहरु मध्येबाट निर्वाचित ३ (तिन) जना ।<br>(ग) स्वतन्त्र संचालक १ (एक) जना । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(१) को व्यवस्था भए बमोजिम संशोधन गरिएको । |
| (३) वित्तीय संस्थाका अध्यक्ष तथा संचालकहरुको कार्यकाल चार वर्षको हुनेछ । संचालकहरुको नियुक्ति/ मनोनयन/ पदावधि सम्बन्धी व्यवस्था समय समयमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे बमोजिम तथा प्रचलित कानुन बमोजिम हुनेछ । | (३) वित्तीय संस्थाका अध्यक्ष तथा संचालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ । संचालकहरुको नियुक्ति/मनोनयन/ पदावधि सम्बन्धी व्यवस्था समय समयमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे बमोजिम तथा प्रचलित कानुन बमोजिम हुनेछ ।<br>तर, स्वतन्त्र संचालक एक कार्यकालको लागि मात्र नियुक्त हुन सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४ मा भएको व्यवस्था बमोजिम संशोधन गरिएको । |



Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Dillibazar

| | | |
|---|---|---|
| नियम(३१) : संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था: | नियम(३१) : संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था: | |
| ख) समितिको बैठकमा उपस्थित भए वापत समितिका अध्यक्षलाई रु.४,५००।०० ( रु.चार हजार पांच सय मात्र) तथा संचालकलाई रु.४,०००।०० (रु.चार हजार मात्र) बैठक भत्ता उपलब्ध गराइनेछ । | ख) समितिको बैठकमा उपस्थित भए वापत समितिका अध्यक्षलाई रु.७,०००।०० (रु.सात हजार मात्र) तथा संचालकलाई रु.६,०००।०० (रु.छ हजार मात्र) बैठक भत्ता उपलब्ध गराइनेछ । | संचालक तथा अध्यक्षको बैठक भत्ता विगत ७ वर्षबाट परिमार्जन नगरिएको र गत आ.व.मा प्रस्तावको रुपमा राख्दा साधारण सभामा उपस्थित शेयरधनीहरुको विचारको सम्मान गरी फर्काइएको । |

## गोर्खाज फाइनान्स लिमिटेड

विषेश प्रस्ताव नं. (ख) को (१) संग सम्बन्धित

संशोधित नियमावली

| हालको व्यवस्था | संशोधन गर्नु पर्ने | संशोधन गर्नुको कारण |
|---|---|---|
| नियम (३१): संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था: | नियम (३१): संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था: | नेपाल राष्ट्र बैंकको स्थलगत निरीक्षण प्रतिवेदनमा संचालकहरु कामको सिलसिलामा देश भित्र तथा देश बाहिर जांदा खर्च गर्न पाउने रकमको स्पष्ट किटान गरी उल्लेख गर्न निर्देशन दिए बमोजिम संशोधन गरिएको । |
| ग) संचालकहरु वित्तीय संस्थाको कामको सिलसिलामा बाहिर (नेपाल अधिराज्यभर) रात बिताउनु पर्ने गरी गएमा प्रतिदिन रु.४,०००।००(चार हजार मात्र) तथा रात नबिताउने गरी गएमा प्रतिदिन रु.२,०००।०० (रु.दुई हजार मात्र) दैनिक भत्ता पाउनेछन ।तर नेपाल अधिराज्य भन्दा बाहिर जांदा समितिले निर्धारण गरे बमोजिम हुनेछ । साथै संचालकलाई कुनै काम विषेशले कम्पनीको कामको सिलसिलामा खटाइएमा दैनिक रु.१,०००।००(रु. एक हजार मात्र) भत्ता उपलब्ध गराइनेछ । | ग) संस्थाको कामको सिलसिलामा स्वदेश तथा विदेश भ्रमण गर्दाको होटेल सुविधा वापतको खर्च, दैनिक खाना खर्च र अन्य खर्च देहाय बमोजिम हुनेछ । | |

| क्षेत्र | होटल | दैनिक खाना खर्च | अन्य खर्च | जम्मा |
|---|---|---|---|---|
| क्षेत्र.न. १ अमेरिकी डलर | २५० | १५० | ५० | ४५० |
| क्षेत्र.नं.२ अमेरिकी डलर | १५० | १०० | ५० | ३०० |
| क्षेत्र.नं.३ अमेरिकी डलर | १०० | ९० | ५० | २४० |
| क्षेत्र.नं.४ भारतियरुपियां | १०,००० | २,००० | १००० | १३,००० |
| क्षेत्र.नं. ५ नेपाली रुपियां | ४,००० | २,००० | १,००० | ७,००० |

क्षेत्रको परिभाषा

| क्षेत्र | देशहरु |
|---|---|
| क्षेत्र नं. १ | अमेरिका, यूरोप, जापान, अष्ट्रेलिया तथा न्यूजिल्याण्ड । |
| क्षेत्र नं २ | सार्क देशहरु तथा क्षेत्र नं १ मा उल्लेख भएका देशहरु बाहेकका सबै देशहरु । |
| क्षेत्र नं. ३ | सार्क देशहरु भारत र नेपाल बाहेक |
| क्षेत्र नं ४ | भारत । |
| क्षेत्र नं ५ | नेपाल । |

| | | |
|---|---|---|
| | अन्य अवस्थाहरु:<br>१) यातायात सुविधा (हवाइ/अन्य) सम्बन्धमा संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।<br>२) राहदानी शुल्क, भिसा शुल्क, एयरपोर्ट ट्याक्स खर्च भए बमोजिम दिइनेछ ।<br>३) एयरपोर्ट आउंदा जांदाको ट्याक्सी खर्च भए बमोजिम दिइनेछ ।<br>४) संस्थाको कामसंग सम्बन्धित टेलिफोन, फ्याक्स, ईमेल, खर्च भए बमोजिम दिइनेछ । | |

२. संस्थाको प्रबन्धपत्र, नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गरियोस् भनि राखेको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

३. आर्थिक वर्षको मूनाफाको १ प्रतिशत रकम संस्थाको सामाजिक उत्तरदायित्व बहन गर्न खर्च गर्ने लगायत यस सम्बन्धमा नेपाल राष्ट्र बैंकवाट जारी भएको परिपत्र बमोजिम व्यवस्था गर्ने गरी संचालक समितिलाई अख्तियारी प्रदान गरियोस् भनि प्रस्ताव पेश भएकोमा उक्त प्रस्तावको सर्वसम्मतीबाट पारित गरियो ।

४. विविध ।

विविध उपर छलफलका अन्य कुनै एजेण्डा नभएको जानकारी गराउनुभयो ।

**१३. धन्यवाद ज्ञापन:**

आजको सभामा छलफल गर्ने विषयहरु समाप्त भई पूर्वनिर्धारित विषय सूची बमोजिम सबै प्रस्तावहरु सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुहुंदै सम्पूर्ण शेयरधनि महानुभावहरु, संचालक समिति, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज, यस संस्थाका शेयर रजिष्ट्रार NIBL क्यापिटल मार्केट्स लि, आन्तरिक तथा बाह्य लेखापरीक्षक, पर्यवेक्षक प्रतिनिधिहरु लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरुलाई सभापतिज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा विसर्जन:**

सभाका सभापतिबाट सभामा उपस्थित सबै शेयरधनि महानुभावहरुलाई उहांहरुको सहभागिता, निर्देशन तथा अमूल्य सुझावको लागि आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गरी संस्थाको तेईसौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..............................
मुकुन्द श्रेष्ठ
वरिष्ठ प्रबन्धक / कम्पनी सचिव
मिति:२०७४/०९/२५ मंगलबार ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
Dillibazar

..............................
महेन्द्र लाल राई
संचालक समितिका अध्यक्ष